## बकैया गाउँकार्यपालिकाको मिति २०७७।१०।२० गतेको वैठकका प्रस्ताव एवं निर्णयहरु

**१. बालमैत्री बकैया गाउँपालिका घोषणा सम्वन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकालाई वालमैत्रीयुक्त वनाउनका लागि विगत ३ वर्षदेखि अभियान सञ्चालन गरिदैं आइएकोमा मिति २०७७।०९।०५ गतेको निर्णय अनुसार २०७७ साल माघ मसान्त भित्रमा बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिकाको रुपमा घोषणा गर्ने निर्णय गरिएकोमा यहि माघ २९ गते भव्य समारोहको विच घोषणा कार्यक्रम गर्ने निर्णय गरियो ।साथै उक्त घोषणा कार्यक्रममा प्रमुख अतिथिको रुपमा बागमती प्रदेश सरकारका मूख्यमन्त्री माननिय डोरमणी पौडेलज्यूलाई आमन्त्रण गर्ने निर्णय गरियो। साथै बालमैत्रीयुक्त स्थानीय शासनका लागि गरिएका हालसम्मका कार्यहरुको समिक्षा तथा घोषणाका लागि गठित विभिन्न समितिहरुको हालसम्मका कार्यहरु बारे मूल्यांकन गर्दै घोषणा कार्यक्रमका लागि सवै समितिहरुले गहन भूमिका निभाई कार्य गर्न निर्देशिन दिने निर्णय गरियो ।

**२. लगत सकंलकहरु थप गर्ने सम्वन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा नेपाल सरकार, भूमि सम्वन्धि समस्या समाधान आयोग, ताहाचल, काठमाडौं र यस गाउँपालिका वीच भूमिहिन दलित, भूमिहिन सुकुम्वासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोवासीलाई व्यवस्थापन गर्नका लागि लगत संकलनको कार्यका लागि गाउँकार्यपालिकाको मिति २०७७।०९।०५ गतेको निर्णयानुसार ७ जना लगत संकलक करार नियुक्ती गरिएकोमा उक्त आयोगको सूचना अनुसार लगत संकलनको कार्य छिटै सक्याउनु पर्ने आवश्यकता परेको हुँदा वडा कार्यलयहरुको सिफारिशको आधारमा कम्तिमा एसएलसी उतिर्ण गरेका व्यक्तिहरुलाई दैनिक ज्यालादारीको रुपमा पारिश्रमिक उपलब्ध गराउने गरि लगत संकलन कार्यमा खटाउने निर्णय गरियो ।

**३. सेवा करारका कर्मचारीहरुको म्याद थप सम्वन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका कार्यालय र अन्तर्गत सेवा करारमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन सन्तोषजनक रहेको पाईएकोले पौष मसान्तमा म्याद सकिएका सेवा करारका कर्मचारीहरुको सेवा करार अवधि अर्को व्यवस्था भएकोमा वाहेक २०७८ असार मसान्त सम्मका लागि नविकरण गर्ने निर्णय गरियो ।

**४. आवधिक योजना सम्वन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाको प्रथम आवधिक योजना निर्माणका लागि गत आर्थिक वर्ष २०७६।७७ मा कोटेशन आव्हान मार्फत रिसर्च एजेन्सी फर फेडेरल एण्ड लोकल डेभेलोपमेन्ट प्रा.लि. परामर्शदाताको रुपमा छनौट भई संझौता गरि आवधिक योजना निर्माण प्रकृया थालिएको र गत आर्थिक वर्षमा प्रारम्भिक प्रतिवेदन प्राप्त भई संझौता वमोजिमको ४०% रकम भुक्तानी गरिएकोमा उक्त आवधिक योजनाको अन्तिम प्रतिवेदन हालै प्राप्त भएकोले बाँकी रकम चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रमबाट भुक्तानी दिने निर्णय गरियो ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हार्तीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner

## ५. स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा जिल्ला समन्वय समितिको कार्यालय मकवानपुर हेटौंडाको प.सं. २०७७।०७८।प्रशासन शाखा, च.नं. १८९, मिति २०७७।०८।१५ को पत्रानुसार स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम सञ्चालनका लागि तपशिल बमोजिमका स्वीकृत आयोजनाहरु प्राप्त भएकोमा उक्त आयोजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने निर्णय गरियो ।

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम

| क्र.सं. | सञ्चालन हुने आयोजनाको विवरण | सञ्चालन हुने वडा | बजेट रकम (रु.) |
|---|---|---|---|
| १ | एकिकृत बहुउद्देशयीय सहकारी भवन तथा सभाहल निर्माण | वडा नं. ४ | ९९१००० |
| २ | मोरङ्गे ठिङ्गन कृषि सडक | वडा नं. ११ | १९८२००० |
| ३ | बङदाहा पुल | वडा नं. ८ | १९८२००० |
| ४ | हात्तीसुँडे खेलमैदान | वडा नं. ३ | १४८६५०० |
| ५ | देउबुझि-झ्याङग्रानि-ठाकुर थान् कृषि सडक | वडा नं. १० | १९८२००० |
| ६ | शिव मन्दिर पर्यटन पूर्वाधार निर्माण(लुङवाखोप) | वडा नं. १ | १४८६५०० |
| जम्मा रकम | | | ९९१०००० |

## ६. प्रदेश पुर्वाधार विकास कार्यक्रम सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा जिल्ला समन्वय समितिको कार्यालय मकवानपुर हेटौंडाको प.सं. २०७७।०७८।प्रशासन शाखा, च.नं. २३९, मिति २०७७।०९।२७ को पत्रानुसार प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम सञ्चालनका लागि तपशिल बमोजिमका स्वीकृत आयोजनाहरु प्राप्त भएकोमा उक्त आयोजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने निर्णय गरियो ।

प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम

| क्र.सं. | सञ्चालन हुने आयोजनाको विवरण | सञ्चालन हुने वडा | बजेट रकम (रु.) |
|---|---|---|---|
| १ | गोठ डाडाँ मोटर बाटो | बकैया गा.पा.वडा नं. ८ | २०००००० |
| २ | हर्दा माटोकोरी सुख्खा खहरे तटबन्धन | बकैया गा.पा.वडा नं. ७ | २८३०००० |
| ३ | जित दमार मेवा दमार तटबन्धन | बकैया गा.पा.वडा नं. ३ | १०००००० |
| ४ | काली दमार मेवा दमार तटबन्धन | बकैया गा.पा.वडा नं. ६ | १०००००० |
| ५ | कत्ले खोला तटबन्धन | बकैया गा.पा.वडा नं. १ | १०००००० |
| ६ | पावस माझीगाउँ स्ल्याब ढलान | बकैया गा.पा.वडा नं. ५ | १०००००० |
| ७ | ठिङ्गन चिसापानी धारा खानेपानी आयोजना | बकैया गा.पा.वडा नं. १२ | १०००००० |
| जम्मा रकम | | | ९८३०००० |

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हात्तीसुँडे, मकवानपुर

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner

७. आ.व. २०७८।७९ लागि प्रदेश समपूरक तथा प्रदेश विशेष अनुदान प्रस्ताव सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा बागमती प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयलको प.सं. १३।०७७।७८, च.नं. ८६८, मिति २०७७।०९।२० गतेको पत्रानुसार आ.व. २०७८।७९ का लागि समपुरक तथा विशेष अनुदान प्रस्ताव माग गरेकोमा तपशिल अनुसारका योजनाहरु माग गर्ने निर्णय गरियो ।

तपशिल

समपुरक अनुदानका लागि माग गर्ने योजनाहरु

१. हात्तीसुँडे शिखरपुर मन्थली सडक स्तरोन्नती
२. हात्तीसुँडे सोवी कालीदमार ठिंगन सडक स्तरोन्नती
३. जुरेली थली घुम्ती सडक स्तरोन्नती
४. श्रीपुर कर्मचुली सुधा ज्यामिरे गडवान रतनपुरी सडक स्तरोन्नती
५. भिरकोट धियाल विजलडाँडा सडक स्तरोन्नती
६. ठिंगन मन्थली बेतिनी सडक स्तरोन्नती
७. बकैया ठाकुर मन्दिर पर्यटन पार्क, बकैया-१०
८. गौतम वुद्ध पर्यटन पार्क, बकैया-६
९. धनेश्वर पर्यटन पार्क, बकैया-७
१०. जुरेली खेल मैदान निर्माण, बकैया-४
११. ठाँटी खोला पुल, बकैया-५
१२. मन्थली ललितपुर पक्की पुल
१३. सुकौरा खोला जुइना कर्मचुली पुल, बकैया ५-६
१४. बान्द्रे खोला पुल
१५. घैटार बागमती पुल
१६. तीन भंगाले मन्थली झोलुङ्गे पुल
१७. वंदह पुल निर्माण, बकैया-८,९

विशेष अनुदानका लागि प्रस्तावित आयोजनाहरु/कार्यक्रमहरु

१. हात्तीसुँडे डिप वोरिङ्ग वाटर सप्लाई एण्ड स्यानिटेशन
२. शिखरपुर खानेपानी योजना

८. बजेट रकमान्तर सम्वन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा चालु आ.व. २०७७।७८ को योजना तथा कार्यक्रमहरु सञ्चालनको क्रममा विविध पुर्वाधार निर्माण शिर्षकमा छुटयाईएको बजेट रकम सकिएको तथा केही शिर्षकमा छुटयाईएको बजेट रकम खर्च नभएकोमा खर्चलाई व्यवस्थापन गर्नका लागि तपशिल बमोजिम रकमान्तर गरि आगामी गाउँसभावाट अनुमोदन गर्ने निर्णय गरियो ।

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner

| क्र.सं. | साविक कार्यक्रमको नाम | बजेट रकम रु. | परिवर्तित कार्यक्रमको नाम | बजेट रकम रु. |
|---|---|---|---|---|
| १ | समपुरक कोष मौज्दात | ५०,००,०००।- | विविध पुर्वाधार निर्माण<br>विविध पुर्वाधार निर्माण | १,००,००,०००।- |
| २ | प्रशासकीय भवन निर्माण | ५०,००,०००।- | | |
| जम्मा | | १,००,००,०००।- | | १,००,००,०००।- |

**९. सोनाम ल्होसार सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा मिति २०७७।१०।३० गते सोनाम ल्होसार रहेकोमा नेपाल तामाङ्ग घेदुङ बकैया गाउँपालिका कार्य समिती, मकवानपुर तथा गौतम बुद्ध पर्यटन पार्क समितीले गौतम बुद्ध पर्यटन पार्क, जुईनामा उक्त पर्व मनाउन कार्य समितीको बैठकको निर्णय तथा कार्यक्रमको लागि खर्चको प्रस्तावना गरेको साथै बुद्ध युवा क्लबले ले उक्त पर्व बकैया-३, हात्तीसुँडे, बुद्ध मन्दिरमा मनाउनका लागि खर्चको प्रस्तावना गरेकोमा तथा गाउँपालिकाका विभिन्न क्षेत्रमा उक्त पर्व मनाउनका लागि तयारी भईरहेको सम्बन्धमा सबै तामाङ्ग समूदायलाई सो पर्व एकै ठाउँमा मनाउनका लागि प्रोत्साहन गर्दै उक्त पर्वका लागि कार्यक्रम पश्चातको विल भर्पाई लगायत कागजातका आधारमा एकमुष्ट बढीमा रु. ३,००,०००।- ( रुपैयाँ तीन लाख मात्र) सहयोग रकम उपबलब्ध गराउने निर्णय गरियो । साथै माघ २९ गते बालमैत्री गाउँपालिका घोषणा कार्यक्रम भव्य रुपमा मनाउन सवैलाई आह्वान गर्दै सोनाम ल्होसार पर्वको अवसरमा माघ २८, २९ र ३० गते गाउँपालिका क्षेत्रमा सार्वजनिक विदा दिने निर्णय गरियो ।

**१०. ज्ञानज्योति विद्यालय जलजलेलाई सूरक्षा गार्ड उपलब्ध गराउने सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत जलजलेमा रहेको ज्ञानज्योति आधारभूत विद्यालयलाई USAID को आर्थिक तथा प्राविधिक सहयोगमा १६ कोठे पक्की आधुनिक भवन निर्माण भई हस्तान्तरणको प्रकृयामा रहेकोमा उक्त विद्यालयलाई चालु आर्थिक वर्षको लागि गाउँपालिकाले खर्च व्यहोर्ने गरि नेपाल सरकारको न्यूनतम मापदण्ड अनुसार तलब भत्ता हुने गरि १ जना सूरक्षा गार्डको सेवा उपलब्ध गराउने निर्णय गरियो ।

**११. गरगरे अस्थायी प्रहरी पोस्टलाई सवारी साधन उपलब्ध गराउने सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत गरगरेमा रहेको अस्थायी प्रहरी पोष्टले सुरक्षा व्यवस्थापनमा सहजिकरणका लागि यस गाउँपालिका कार्यालयबाट सवारी साधन सहयोग माग गरेकोमा यस गाउँपालिका कार्यलयमा रहेको ना १ ब ३३२१ नम्बरको पल्सर (Pulsar) ब्रान्डको मोटर साईकल उपलब्ध गराउने निर्णय गरियो ।

दामोदर खनाल
अध्यक्ष

१२. "घ" वर्गको व्यवसाय दर्ता सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत वडा नं. ५ मा रहेको पि.एस. ईनर्जी पावर प्रा.लि. ले "घ" वर्गको व्यवसाय दर्ताको लागि यस गाउँपालिकामा विभिन्न कागजातहरु सहित निवेदन पेश गर्नु भएकोमा यस कार्यलयको "घ" वर्गको व्यवसाय दर्ता सम्वन्धि कार्यविधिको दफा २ बमोजिम निजको व्यवसाय दर्ताको लागि योग्यं देखिएकोमा दर्ताको लागि अनुमति दिने निर्णय गरियो ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner